**सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७१ माग २८ मा वसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ३४ औं बैठकले लिएका निर्णयहरु**

१. समस्याग्रस्त सहकारीहरुको सम्पति व्यवस्थापन समेतका निमित्त सहकारी तथा गरिवी निवारण मन्त्रालयले सहकारी ऐन संशोधनकालागि दुइ महिनाभित्र संसदमा विधेयक प्रस्तुत गर्ने ।

२. महिला, वालवालिका, अपाङ्गता जस्ता बहु विषय क्षेत्रकालागि स्वीकृत राष्ट्रिय कार्ययोजनाहरु सरोकारवाला मन्त्रालयहरुवाट पूर्ण रुपमा आत्मसात हुन नसकेको देखिएकाले यस्ता राष्ट्रिय कार्ययोजनाहरुमा विभिन्न मन्त्रालयहरुको जिम्मेवारी प्रष्ट नभएको भए सो प्रष्ट गरी यसलाई योजना तथा बार्षिक कार्यक्रममा राख्ने कार्यको समन्वय तथा अनुगमन राष्ट्रिय योजना आयोगबाट गर्ने ।

३. बजेट वक्तव्यमार्फत घोषित कम्पनी ऐन, ऋण तथा जमानत ऐन, सार्वजनिक खरिद ऐन लगायतका ऐनहरुमा संशोधन तथा अन्य नीतिगत सुधारका कार्यक्रमहरु सम्बद्ध मन्त्रालय तथा निकायहरुले २०७१ चैत्र मसान्तभित्रै सम्पन्न गर्ने । यसको नियमित अनुगमन राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले गर्ने ।

४. बढ्दो वेरोजगारी तथा व्यापार घाटालाई कम गर्ने सम्बन्धमा उद्योग र बाणिज्य मन्त्रालयबाट समन्वयात्मक रुपमा कार्यान्वयन गर्नेगरी आयात प्रतिस्थापन (Import substitution) गर्ने वस्तु तथा सेवाहरुको उत्पादन तथा विकास र प्रतिस्पर्धात्मक निकासीजन्य वस्तुहरुको पहिचान, विकास तथा प्रबर्द्धन गर्नका निमित्त कार्यक्रम तयार गर्नकालागि राष्ट्रिय योजना आयोगका वाणिज्य क्षेत्र हेर्ने माननीय सदस्यको संयोजकत्वमा, कृषि र उद्योग हेर्ने माननीय सदस्यहरु र बाणिज्य तथा आपूर्ति, अर्थ, उद्योग, कृषि मन्त्रालयका सचिव समेतको प्रतिनिधित्व रहने एक कार्यदललाई जिम्मेवारी दिने ।

५. राष्ट्रिय योजना आयोगको शिक्षा हेर्ने माननीय सदस्यको संयोजकत्वमा मानव संशासन नीतिको मस्यौदासम्बन्धी काम भैरहेकोले सोही कार्यअन्तर्गत विभिन्न मन्त्रालयबाट भैरहेका तालिममा दोहोरोपना हटाउन र तालिमलाई एकिकृत गरी समन्वयात्मक रुपमा संचालन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिले परिकल्पना गरेवमोजिमको कोष स्थापनाको विषयमा समेत अध्ययन गराई नीतिगत निर्णयका लागि प्रस्ताव पेश गर्ने ।

६. चालू आ.ब. को वजेट वक्तव्यले मुलुकमा ठूलो उर्जाको संकट रहेको अबस्थामा प्रशस्त अवसर हुँदाहुँदै पनि सोचे अनुरुप लगानी आकर्षण नभएको र प्रसारण लाइनका अभावमा कतिपय जलविद्युत आयोजनाहरुको निर्माण कार्य प्रभावित भएको उल्लेख गरेको भए पनि यसमा उल्लेखनीय काम कार्बाही हुन सकेको नदेखिएकाले राष्ट्रिय योजना आयोगको उर्जा हेर्ने माननीय सदस्यको संयोजकत्वमा अर्थ, गृह, उर्जा, वन तथा भू-संरक्षण, स्थानीय

विकास, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका सचिव सदस्य र आयोगको सचिवालयको पूर्वाधार हेर्ने महाशाखा प्रमुख सदस्य सचिव रहने एक उच्चस्तरीय कार्यदलबाट प्रसारण लाइनका सम्बन्धमा रहेका समस्याहरु समाधान गर्न अपनाउनुपर्ने उपायहरु बारे सुझाव लिई कार्यान्वयन गर्ने ।

७. प्रचलित निजामती सेवा ऐन अनुरुप भाद्र महिनामा कर्मचारीको धेरै सरुवा र विशेष बढुवा भएका कर्मचारीहरुको समायोजन एवम् पदस्थापना आदि कारणले विकास आयोजनाहरुमा जनशक्तिको अभाव भै काममा बाधा हुन गएको भन्ने सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले नीतिगत व्यवस्थामै परिवर्तन गर्नुपर्ने भए सो समेत गरी आयोजनाहरुमा जनशक्तिको अभाव हुने अबस्थाको अन्त्य गर्ने व्यवस्था मिलाउने ।

८. मन्त्रालयस्तरको विकास समस्या समाधान समितिको बैठक प्रचलित अनुगमन तथा मूल्यांकन दिग्दर्शनले तोकेको समयमै गराउन सम्बद्ध सचिवहरुलाई जिम्मेवार गराउने । मन्त्रालय आँफैले टुग्यांउन सक्ने वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी निर्णय गराउन पर्ने विषय यस समितिमा नल्याउने । विकास आयोजनासँग सम्बन्धित, अन्तर मन्त्रालय प्रकृतिका वा नीतिगत विषयमात्र यस समितिमा प्रस्तुत गर्ने ।

९. सबै किसिमका सडकहरुमा निर्दिष्ट मापदण्ड अनुसारको चौडाइ, साइड ड्रेन, पर्खाल र Slope stabilization आदि पूर्वाधार तयार भएपछि मात्रै कालोपत्रे गर्ने व्यवस्था मिलाउने ।

१०. अर्थ मन्त्रालयले दैनिक तथा भ्रमण भत्तामा समयानुकूल परिमार्जन हुनेगरी प्रचलित भ्रमण नियमावली २०६४ आगामी चैत्र भित्र संशोधन हुने व्यवस्था मिलाउने ।

११. नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा रहेको समितिले विकास निर्माणका लागि आवश्यक निर्माण सामग्री तथा इन्धन लगायतका वस्तुहरुको नियमित आपूर्ति हुने प्रभावकारी व्यवस्था मिलाउन समन्वय गर्ने ।

१२. खानेपानी, विद्युत, टेलिफोन र सडक लगायतका संरचनाहरु निर्माण गर्दा एक अर्को संरचनामा पर्नसक्ने क्षतिलाई नयाँ निर्माण गर्दा क्षती पुर्‍याउने सम्बद्ध निकायकै तर्फबाट वेहोर्नुपर्ने वा पुनःसंरचना गरिदिनुपर्ने जस्ता विषय समावेस गरी राष्ट्रिय योजना आयोगले दुइ महिनाभित्र एक कार्यविधि तयार गर्ने ।